तलकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलकोट, बझाङ्ग सुदूरपश्चिम, प्रदेश नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी संख्या:

मिति: २०८०/०६/०८ गते

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीको लगत संकलन कार्य सुरुवात भएको सम्बन्धी जरुरी सूचना।

नेपाल सरकार राष्ट्रिय भूमि आयोग ताहाचल ,काठमाडौंले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीले निवेदन दिने सम्बन्धी (३५) दिने प्रथम पटक सूचना मिति २०८०/०५/२९ गते प्रकाशित सूचना अनुसार यस तलकोट गाउँपालिका भित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीले आ-आफ्नो वडा कार्यालय मार्फत **भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ को अनुसूची -३ (भूमिहीन दलित /भूमिहीन सुकुम्बासीले भर्ने निवेदन फारम) र अनुसूची -४(अव्यवस्थित बसोबसीले दिने निवेदन फारम)** बमोजिमको फारम भरि २०८०/०७/०३ गते भित्र वडा कार्यालयमा गइ तपसिलमा उल्लेखित कागजातहरु सहित निवेदन पेस गर्न हुन यसै सूचना द्वारा सूचित गरिन्छ। यदि कोही कसैले झुट्ठा विवरण दिई फारम भरेको पाइएमा निवेदन फारम रद्द गरि नियमानुसार कारवाही गरिने व्यहोरा गराउँदै समयमा आवेदन नभर्ने,माग गरिएका कागजात र विवरण उपलब्ध नगराएका कारण नियमानुसार जगा प्राप्त नभएमा त्यसको जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयम् हुने व्यहोरा समेत जानकारी का लागि अनुरोध छ।

श्रीदेव यादव
प्रमुख प्रशासकीय अधिकृत

श्रीदेव यादव
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:-

| भूमिहीन दलित /भूमिहीन सुकुम्बासीको हकमा | अव्यवस्थि[illegible] |
|---|---|
| १.परिवारमूलीको र परिवारमूलीको पति/पत्नीको फोटो २/२ प्रति।<br>२. परिवारमूलीको र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि(अनिवार्य), नागरिकता प्राप्त नभएका सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>३.सम्बन्धित वडा कार्यालयले दिएको सुकुम्बासी भएको व्यहोरा सिफारिस पत्र।<br>४.उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि(विद्युत/पानीको महसुल रसिद ,घरसारको कागज ,भोगचलन गर्न दिएको प्रमाण,अन्य प्रमाण आदि ) | १.परिवारमूलीको र परिवारमूलीको पति/पत्नीको फोटो २/२ प्रति।<br>२. परिवारमूलीको र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि(अनिवार्य), नागरिकता प्राप्त नभएका सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>३.माग गरेको जग्गा..........वर्ष(कम्तिमा दश वर्ष) अघिबाट आवाद कमोत भइआएको हो भनी सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको व्यहोरा सिफारिस पत्र।<br>४.उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि(विद्युत/पानीको महसुल रसिद ,घरसारको कागज ,भोगचलन गर्न दिएको प्रमाण,अन्य प्रमाण आदि )<br>५.आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी कागजातको प्रतिलिपि। |

पुनश्च :एक परिवारले एक स्थानबाट मात्र निवेदन पेस गर्नुपर्ने छ ।

<u>थप अन्य जानकारीका लागि सम्पर्क व्यक्ति:</u>-"भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबसी सेवा केन्द्र"को प्रमुख/सम्पर्क व्यक्ति श्री केशवराज भट्ट ।९८६५९७३३५४